यस व्यास नगरपालिकाको १६३ औं बैठक आज मिति २०७९/१२/१९ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ उ | पस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | अनुपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | अनुपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री गंगालाल सुवेदी | उपस्थित |
| अधिकृत सातौं | श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: २०७९/१२/७ को कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: व्यास नगरपालिकाको ३१ औं स्थापना दिवस मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.३: विभिन्न कार्यविधि पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४: आगामी वर्षको बजेट तर्जुमा सम्बन्धमा ।
प्रस्ताव नं.५: व्यास नगरपालिका भित्रका बाटाहरुको लगत कट्टा सम्बन्धमा ।
प्रस्ताव नं.६: स्वेच्छिक राजिनामा दिएका कर्मचारीलाई धन्यवाद ज्ञापन सम्बन्धमा ।
प्रस्ताव नं.७: फोहोरमैला बिसर्जन सम्बन्धमा ।
प्रस्ताव नं.८: करार कर्मचारी नियुक्ति समर्थन सम्बन्धमा ।
प्रस्ताव नं.९: शित भण्डारको भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.१०: जग्गा विकास आयोजनामा कार्यरत काजमा आएका नापी कर्मचारीको अतिरिक्त सुविधा सम्बन्धमा ।
प्रस्ताव नं.११: प्रधानमन्त्री रोजगार कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: बोलपत्र स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१३: जि.स.स. सँग गाडी माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: उपचार खर्च सम्बन्धमा ।
प्रस्ताव नं.१५: क्रमागत योजनाको भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.१६: योजना सम्झौता स्थगन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७९/१२/०७ गते भएको कार्यपालिका बैठकका निर्णहरुको समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ३१ औं स्थापना दिवस २०७९/१२/३० गते मनाउने सम्बन्धमा भएका तयारी, स्मारिका प्रकाशन लगायतका विषयमा बैठकलाई जानकारी प्राप्त भयो । ३० बैशाख बिहानमा हुने उक्त कार्यक्रममा वर्तमान, निवर्तमान जनप्रतिनिधि, शैक्षिक एवं उद्योग वाणिज्य क्षेत्र, टोल विकास संस्था, सञ्चार क्षेत्र लगायत प्रतिनिधिलाई आमन्त्रण गरी साँस्कृतिक कार्यक्रम समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित कार्यविधि एवं निर्देशिकाहरु संशोधन सहित पारित गर्ने निर्णय गरियो ।
(१) व्यास नगरपालिका विज्ञापन कर निर्देशिका, २०७९
(२) पशु प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९
(३) व्यास नगरपालिका संस्था दर्ता तथा नविकरण कार्यविधि, २०७९

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८०/०८१ को बजेट तर्जुमा गर्दा संघीय सरकारबाट प्राप्त हुने समानीकरण र राजश्व बाँडफाँडबाट यस नगरपालिकालाई रू.३३,४०,३२,०००/- को सिमा निर्धारण गरी पठाईएको बैठकमा जानकारी प्राप्त भयो । २०८०/०८१ को आ.व. मा संघ, प्रदेशबाट प्राप्त समानीकरण राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम र यथार्थपरक आन्तरिक आय समेतलाई आधारमानी चालु बर्षको दायित्वलाई मध्यनजर दिई बजेट कार्यक्रम तर्जुमा गर्नका लागि मापदण्ड बनाई पेश गर्न बजेट तर्जुमा समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाभित्रका छाब्दी मार्ग, कलेस्ती-गजौडे-बिर्ता अन्तर्गतको मादीमर्स्याङ्गदी मार्ग, पराशर मार्ग, दमौली-केशवटार मार्ग लगायतका मार्गहरुको मापदण्ड अनुसार लगत कट्टा गर्न गण्डकी प्रदेश सरकारसँग सहकार्य गर्ने गरी प्रकृया अघि बढाउन गण्डकी प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल व्यास नगरपालिका कार्यालय अन्तर्गत घर नक्सा शाखामा कार्यरत ईन्जिनियर श्री मनोज कैनीले स्वेच्छिक राजिनामा दिनु भएकाले यस नगरपालिकामा रही पुऱ्याउनु भएको महत्वपूर्ण सेवाका लागि धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका फोहोरमैला विसर्जनका लागि व्यास १३ स्थित बुद्धसिंह मार्ग अन्तर्गत फुटेको ढुंगाको खाडल प्रयोग गरिदै आएकोमा स्थानीयबाट वैकल्पिक स्थान खोज्न माग भई आएकाले हाललाई ०८० आषाढ मसान्तसम्म व्यास न.पा. वडा नं. ३ भतेरी स्थित मादिनदी तटबन्धन गरी खाडल परेको स्थानमा नदीमा फोहोरमैला प्रवाह नहुने गरी फोहोरमैला विसर्जन गर्ने र हाललाई फोहोरमैला छनौट प्रकृया स्थगन गर्ने गरी स्थानीयसँग समन्वय गरी निम्नानुसार तत्काल आवश्यक पूर्वाधार निर्माण गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(१) दरैखोल्सीको पानी निकासका लागि नाला निर्माण ल.ई. अनुसार रू.२०,००,०००/- १०% लागत सहभागिता रहने गरी (शिर्षक नं. ९१७) ।

(२) फोहोरमैला विसर्जन क्षेत्र अन्तर्गत दुर्गामन्दिर संरक्षण रू.१०,००,०००/- १०% लागत सहभागिता रहने गरी (शिर्षक नं. ९१७) ।

(३) खाडल सुरक्षित गर्नका लागि क्रमिक जाली लगाउने कार्यका लागि हाललाई रू.३,००,०००/- १०% लागत सहभागिता रहने गरी (शिर्षक नं. ९१७) । ***जम्मा : ३३,००,०००/-***

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको विज्ञापन प्रकृया एवं छनौट समितिको सिफारिस बमोजिम निम्न पदहरुमा निम्न पारिश्रमिक पाउने गरी करारमा नियुक्ति समर्थन गर्ने निर्णय गरियो ।

(१) मेडिकल अधिकृत डा. नविना न्यौपाने, मासिक तलव रू.४८,७३७/-

(२) सर्वेक्षक श्री विकास खड्का, मासिक तलव रू.३४,७३०/-

(३) सर्वेक्षक श्री मदन पौडेल, मासिक तलव रू.३४,७३०/-

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.११ नहर्की ठाँटीमा निर्माणाधिन शितभण्डारको प्रारम्भिक लागत ईष्टिमेटमा रू.२,१६,७४,८२०/५१ को टेण्डर भएको, रू. १,६२,३२,२६४/०२ (कन्टिन्जेन्सी बाहेक) मा टेण्डर स्वीकृत भई कार्य सम्पन्न भएको, प्रारम्भिक ल.ई. मा छुट हुन गएको नयाँ थप कार्यको मूल्याङ्कन अनुसार स्वीकृत टेण्डर रकममा थप रू.१९,९८,६२७/५१ भेरिएशन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा वैरेनी जग्गा विकास आयोजनामा कार्यरत नापी कार्यालय तनहुँबाट खटि आएका कर्मचारीलाई खाईपाई आएको तलव सोही कार्यालयबाट उपलब्ध हुने हुँदा यस कार्यालय अन्तर्गत कार्यरत रहँदा थप ४०% पारीश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा चालु आ.व. मा यस नगरपालिकामा सञ्चालन भईरहेका ६ वटा वडाहरु वडा नं. ६, ९, ११, १२, १३ र १४ मध्ये सम्झौता गरी सञ्चालनमा रहेका तथा सम्पन्न हुन नसक्ने योजनाहरुको पहिचान गरी रोजगारको सिद्धान्त, नियम र पद्धतिलाई आत्मसात गर्दै सम्पन्न हुन नसक्ने योजनाको बजेटलाई सूचिकृत कामदार नै प्रयोग गरी अन्य सूचीभित्रका वडाहरुबाट योजना माग गरी आएकाले सिफारिस अनुसार गर्ने निर्णय गरियो ।

| सि.नं. | प्रस्तावित वडा | प्रस्तावित बजेट |
|---|---|---|
| १. | ११ | ४,००,०००।०० थप |
| २. | १३ | ५,००,०००।००+२,९९,०००।०० थप |
| ३. | १४ | ३,००,०००।०० थप |
| | जम्मा | १४,९९,०००।०० |

**निर्णय नं. १२ :** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्ष २०७९।०८० सञ्चालन हुने गरी तपशिलमा उल्लेखित निर्माण खरिद कार्यको लागि बोलपत्र आब्हान गरिएकोमा दर्ता हुन आएका विभिन्न फर्मका बोलपत्र र दरभाउपत्रहरु मध्ये मुल्यांकन समितिको सिफारिसमा तपशिलमा उल्लेखित फर्महरुको बोलपत्र स्वीकृत गरी निर्माण/खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**तपशिल**

| सि. नं | ठेक्का नं | फर्मको नाम र ठेगाना | कार्यको विवरण | कबोल अंक (मु.अ.क.वाहेक) |
|---|---|---|---|---|
| १ | १४/Works/vyas mun/२०७९।०८०) | श्री इको जोन आर्किटेक्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. पोखरा १० | केशवटार मार्ग निर्माण ( चौडा, पक्की नाला, कालोपत्रे)योजना व्यास १३ | रु.८६,६८,९२४।८० |
| २ | ०१/Works/vyas mun/Landpooling/२०७९।०८० | श्री विश्वास एण्ड वि.पु कन्स्ट्रक्सन, काठमाण्डौं | एकीकृत जग्गा विकास आयोजनाको पहिलो चरणम जग्गा सम्याउने तथा रिटेनिङ स्ट्रक्चर निर्माण व्यास १० | रु.५५,२८,२१०।७० |
| ३ | १५/Works/vyas mun/२०७९।०८० | श्री इको जोन आर्किटेक्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. पोखरा १० | चन्द्रोदय बहुउद्देश्यीय सामुदायिक भवन निर्माण | रु.५५,६४,१९८।०० |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयको कार्यबोझलाई ध्यानमा राखी योजना अनुगमन तथा मूल्याङ्कन लगायतका लागि एक गाडीको आवश्यकता भएकोमा हाल नयाँ गाडी खरिद प्रकृया समेत नेपाल सरकारबाट रोकिएको हुँदा जिल्ला समन्वय समिति तनहुँमा एक पुरानो गाडी ग्यारेजमा रहेको हुँदा मर्मत, सम्हार गरी सञ्चालन गर्न जिल्ला समन्वय समितिसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास १० निवासी आर्थिक विपन्न शिव गिरी जटिल रोगको उपचारमा रही जीवनमरणको अवस्थामा देखिएकाले मानवीय आधारमा रू.३०,०००।- (तिस हजार) शिर्षक नं.५३ बाट सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत सम्पन्न भएका कमागत तथा यस बर्षका योजनाहरुको सम्बन्धित शिर्षकमा रहेको आयबाट भुक्तानी गर्न कठिनाई भएकाले निम्न लिखित शिर्षकहरुमा विनियोजित रकमलाई आगामी बर्षको बजेटमा सम्बोधन गर्ने गरी उक्त रकम कमागत योजनाहरुको भुक्तानीमा खर्च गर्ने निर्णय गरियो । यस अघि मिति २०७९/११/८ को निर्णय नं.१२ लाई संशोधन गरिएको छ ।

| सि.नं. | शिर्षक नं. | योजनाको नाम | रकम |
|---|---|---|---|
| १. | ८३६ | दमौली बजार क्षेत्र सि.सि. क्यामेरा मर्मत जडान | १५,००,०००/- |
| २. | ८४४ | मानुङकोट सिद्धबाबा मन्दिर निर्माण | २५,००,०००/- |
| ३. | ९१७ | फोहोरमैला व्यवस्थापन पूर्वाधार निर्माण समेत | २,५०,००,०००/- |
| ४. | ८४६ | म्याग्दे वादी जोड्ने कालीघाट स्थल | २०,००,०००/- |
| ५. | ८५१ | गलेखाम मन्दिर निर्माण | १०,००,०००/- |
| जम्मा : | | | ३,२०,००,०००/- |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा संघ, प्रदेश र आन्तरिक आयमा कार्य हुदै गएको विद्यमान अवस्थालाई मध्यनजर गरी अत्यावश्यक श्रोत निश्चित भएका योजनाहरु बाहेक अन्य क्रमागत वा यस बर्षका योजनाहरुको सम्झौता अर्को निर्णय नहुँदासम्म स्थगित गर्ने निर्णय गरियो ।